## सक्रिय क्षयरोग (TB) र सुषुप्त क्षयरोग संक्रमण (LTBI) मा के फरक छ?

क्षयरोगका किटाणुहरुका कारण क्षयरोग लाग्दछ । कसैको फोक्सोमा क्षयरोगका किटाणुहरु भएमा त्यस व्यक्तिले खोक्दा वा हाछ्यिू गर्दा ती किटाणुहरु हावामा फैलाउन सक्दछ । तपाईले श्वासप्रश्वास गर्दा तपाईको शरीरमा क्षयोगका किटाणुहरु प्रवेश गर्दछन् । तपाईको शरीरमा भएको रोग प्रतिरोधक प्रणालीले ती किटाणुहरु संग लडने प्रयास गर्दछ ।

**यदि तपाईको रोग प्रतिरोधक प्रणालीको अवस्था राम्रो भएमा, यसले क्षयरोगका किटाणुहरु प्रति जित हासिल गर्दछ ।...**

...यसले क्षयरोगका किटाणुहरुलाई दबाएर तपाईको शरीरमा "सुताएर" राख्दछ । - यस अवस्थालाई सुषुप्त अवस्थाको क्षयरोग (LTBI)वाट संक्रमित भएको भनिन्छ ।

यदि तपाई सुषुप्त क्षयरोगवाट संक्रमित हुनु भएता पनि, तपाईमा कुनै लक्षणहरु देखा पर्ने छैन । तपाईले आफूलाई स्वस्थ्य महशुस गर्नु हुनेछ र तपाईवाट अन्य व्यक्तिहरुलाई किटाणु सर्दैन ।

**तर,यदि क्षयरोगका किटाणुहरुले तपाईको रोग प्रतिरोधक प्रणाली माथि जित हासिल गरेमा...**

...यसले तपाईलाई रोगवाट ग्रसित तुल्याउ सक्दछ । "सक्रिय क्षयरोग"।

यदि तपाईमा सक्रिय क्षयरोग छ भने, यसले तपाईको जिवनलाई हानि पुर्याउछ र तपाईको परिवार तथा साथीहरुलाई रोग सर्न सक्दछ ।

## तर...मेरो देशमा सुषुप्त अवस्थाको क्षयरोग संक्रमण र यसको उपचारका संबन्धमा मैले कहिले सुनेको थिएन ।...

सुषुप्त अवस्थाको क्षयरोग संक्रमण संवन्धि नीतिहरु प्राथमिकताका आधारमा देश अनुसार फरक हुन्छन् । - यदि तपाईको देशमा सक्रिय क्षयरोगको प्रतिशत बढि भएमा त्यस्ता बिरामीहरु पत्ता लगाउने र उपचार गर्ने कुरालाई प्राथमिकता दिएर क्षयरोग फैलन रोक्ने नीति हुन सक्दछ ।



त्यसकारण पनि सुषुप्त अवस्थाको क्षयरोगवाट संक्रमण र यसको उपचारका बारेमा नसुनेको हुन सक्दछ । जापानमा सक्रिय क्षयरोग कम भएको र क्षयरोगका बिरामीहरुको संख्या पनि न्यून रहेका कारणले सुषुप्त अवस्थाको क्षयरोगलाई पनि पत्ता लगाउने र उपचार गरिने गरिन्छ ।

## हाम्रो संस्थाको बारेमा

हामी क्षयरोग विरुद्ध मात्र प्रतिबद्ध भएर काम गर्ने जापानको एउटै मात्र गैर सरकारी संस्था हौं ।


**क्षयरोग अनुसन्धान केन्द्र,**

जापान क्षयरोग निवारण संस्था

टोकियो, जापान ।    फोन नं: +81 42 493 5711

URL: http://www.jata.or.jp


# सुषुप्त अवस्थाको क्षयरोगवाट संक्रमण भनेको के हो?

**क्षयरोग अनुसन्धान केन्द्र,**
**जापान क्षयरोग निवारण संस्था**




This pamphlet was created with the support of JSPS Grants-in-Aids for Scientific Research (C), grant number: JP20K10491.

## यदि मलाई बिरामी भएको महशुस भएको छैन भने मैले सुषुप्त क्षयरोग संक्रमणका वारेमा चिन्ता लिनु किन आवश्यक छ त?

किनकि, एकदिन क्षयरोगका किटाणुहरु व्यूझिन सक्दछ र सक्रिय भई तपाईलाई रोगले ग्रसित तुल्याउन सक्दछ । यसको अर्थ तपाईमा “सक्रिय क्षयरोग”को विकास हुन्छ ।

केहि व्यक्तिहरुलाई क्षयरोग लाग्ने उच्च जोखिम हुन्छ । जस्तै,....

- ☑ ...सक्रिय क्षयरोगका विरामीसंग हालसालै घुलमिल भएका अवथा संगै बसोबास गरेका व्यक्तिहरु ।
- ☑ ...क्षयरोगको संक्रमण प्रतिशत उच्च रहेका देशवाट आएका व्यक्तिहरु ।
- ☑ ...स्वास्थ्य अवस्थाले गर्दा रोग प्रतिरोधक क्षमता कमजोर भएका व्यक्तिहरु । जस्तै, HIV/AIDS वाट संक्रमित, क्यान्सर, मधुमेह रोग आदि भएका व्यक्तिहरु ।.
- ☑ ...खराब दैनिक जिवनयापनका कारणले गर्दा रोग प्रतिरोधक क्षमता कमजोर भएका व्यक्तिहरु । जस्तै, धुम्रपान, लागु पदार्थको दुर्व्यसनी, अति मद्यपान, संतुलित भोजनको कमि, व्यायामको कमि आदि भएका व्यक्तिहरु ।


**एकदिन क्षयरोगका किटाणुहरु व्यूझिन सक्दछ र सक्रिय भई तपाईलाई रोगले ग्रसित तुल्याउन सक्दछ । तर, कसलाई कुन वेलामा रोग लाग्दछ भन्ने कुरा कसैले भन्न सक्दैन ।**

## के मैले औषधी सेवन गर्नु पर्दछ त ?

यदि तपाईको चिकित्सकले तपाईमा सक्रिय क्षयरोग लाग्न सक्ने संभावना बढि देखिएमा तपाईको शरीरलाई क्षयरोगका किटाणुहरुवाट छुटकारा  दिलाउन औषधी सेवन गर्ने सल्लाह दिनु हुन्छ ।

यसका विभिन्न उपचार पद्दतिहरु छन । जापानमा सवभन्दा प्रचलित उपचार पद्दति भनेको दुई किसिमका क्षयरोग विरुद्धका औषधीहरु (isoniazid र rifampicin) संयुक्त रुपमा ३-४ महिना सेवन गर्ने हो । तपाईलाई सवभन्दा उत्तम उपचार प्रक्रिया के हुन सक्दछ भन्नेवारे निर्णय गर्न चिकित्सकसंग सल्लाह लिन सक्नु हुनेछ । सुषुप्त क्षयरोगको उपचार अवधि, औषधीको मात्रा र खर्च सक्रिय क्षयरोगको भन्दा कम हुन्छ ।

**सुषुप्त क्षयरोगको उपचार छिटो गर्न सकिन्छ । ३-४ महिनामा मात्र उपचार गरे पुग्ने हुन सक्दछ । सुषुप्त क्षयरोगको उपचार अवधि, औषधीको मात्रा र खर्च सक्रिय क्षयरोगको भन्दा कम हुन्छ ।**



## के मैले काम स्थगित गर्नु पर्दछ त ? के मैले अध्ययन स्थगित गर्नु पर्दछ त ?

पटक्कै पर्दैन । सुषुप्त क्षयरोगवाट संक्रमित भन्ना साथ तपाईलाई रोग लागेको छ भन्ने अर्थ होइन । तपाईले काम तथा अध्ययनलाई रोक्नु पर्ने आवश्यक छैन । तपाईले स्वस्थ्य व्यक्तिले जस्तै दैनिक जिवनयापनलाई निरन्तरता दिन सक्नु हुन्छ ।

तपाईलाई औषधीको नकारात्मक असर गरेको छ छैन बुझनका लागि केहि समयमा एक पटक चिकित्सक कहां देखाउन बोलाइनेछ ।

## तर, यदि कसैले काम वा अध्ययन स्थलमा नआउनु भनेमा के गर्नु पर्दछ?

यदि सुषुप्त क्षयरोगवाट संक्रमित भएका कारणले तपाईलाई कसैले असमान व्यवहार गएिको महशुस भएमा, तपाईले विभिन्न निकायहरुमा तपाईको मातृ भाषामा परामर्श लिन सक्नुहुन्छ ।

जापान क्षयरोग निवारण संस्था
परामर्शका लागि सम्पर्क फोन नं:
03-3292-1218
प्रत्यक मंगलवार
10:00-12:00 & 13:00-15:00

**सुषुप्त क्षयरोगवाट संक्रमित वा उपचाररत भन्ना साथ तपाईलाई रोग लागेको छ भन्ने अर्थ होइन । तपाईले स्वस्थ्य व्यक्तिले जस्तै आफ्नो दैनिक जिवनयापनलाई निरन्तरता दिन सक्नु हुन्छ ।**